

# E-9 विदेशी कामदार मृत्यु घटना (दुर्घटना)को व्यवस्थापन तथा अन्तिम संस्कारमा सहयोग सम्वन्धी जानकारी

*कोरियामा रहेको अवस्थामा मृत्यु भएका विदेशी कामदारको व्यवस्थापन तथा अन्तिम संस्कार प्रक्रिया र खर्च उपलब्ध गराउने सम्वन्धमा जानकारी गराउंदछौं ।*

## 1 मृत्यु घटना दता

**सम्वन्धित क्षेत्रको प्रहरी कार्यालय ・रोजगार केन्द ・कोरियामा रहेको सम्वन्धित देशको दूतावास**

- रोजगारदाता
  विदेशी कामदारको मृत्यु भएमा प्रहरी (११९ समेत)मा अथवा रोजगार केन्द्रमा दर्ता (जानकारी)
- प्रहरी वा रोजगार केन्द
  कोरियामा रहेको सम्वन्धित देशको दूतावासमा मृत्युको वास्तविकता जानकारी गराउने. मृतकका आफन्तको प्रवेश अथवा मञ्जुरीनामा (आप्रवाशी मजदरको संस्था आदि) प्रक्रिया कार्यान्वयन

## 2 स्थलगत निरिक्षण

**दुर्घटनाको विवरण, कारण ・साक्षीको बयान**

- प्रहरीले घटना सर्वेक्षण नतिजा रोजगारदाता तथा कोरियामा रहेको कामदार पठाउने देशको दूतावासमा (मृतकको आफन्त) लाई जानकारी गराउने, रोजगार केन्द्रले सम्वन्धित निकायमा जानकारी गराउन

| प्रकार | आधिकारिक निकाय | सहयोग विवरण |
|---|---|---|
| औद्योगिक दुर्घटना | श्रमिक कल्याणकारी कोष | औद्योगिक दुर्घटना बीमा रकम भुक्तानी (औसत पारिश्रमिक १,३०० दिनको) |
| चोट्पटक दुर्घटना | साम्सङह्वाज | साम्सङह्वाजे मृत्युको भुक्तानी (अधिकतम ३करोड वन) |
| रोगव्याधी दुर्घटना | साम्सङह्वाज | रोगव्याधीका कारण मृत्यु भएमा भुक्तानी (अधिकतम १करोड ५०लाख वन) |
| आत्महत्या・अस्वभाविक मृत्यु दुर्घटना | कोरियामा रहेको कामदार पठाउने देशको दूतावास | -(अन्तेष्टी गर्ने कम्पनी) अन्तेष्टी प्रक्रिया संचालन<br>-(एचआरडी कोरिया) अन्तेष्टी खर्च दावी *प्रमाणित कागजात समावेस |
| | कोरिया मानव संसाधन विकास विभाग (एचआरडी) | माग भएको खर्च भुक्तानी (३०लाख वन सम्म, १४ दिन भित्र भुक्तानी) |

## 3 सदगत प्रक्रिया संचालन

**मृतकको आफन्तसंग समन्वय ・दाहसंस्कार, अस्तुको व्यवस्थापन ・मृतकको लास पठाउने आदि**

- कोरियामा रहेको कामदार पठाउने देशको दूतावास (अथवा मञ्जुरीनामा प्राप्त गरेको संस्था)ले मृतकको परिवारबाट दाहसंस्कार अथवा लास स्वदेश लानका लागि मगपत्र लिई परिवारको चाहना अनुसार कोरियामा रहेको तोकिएको अन्तेष्टी गर्ने कम्पनी मार्फत अन्तिम संस्कार लगायत मृतकको लास व्यवस्थापन गन

मृतकको परिवारबाट घटना व्यवस्थापन (अन्तिम संस्कार) खर्च उपलव्ध गराउन गाह्रो भएको अवस्थामा कोरियामा रहेको कामदार पठाउने देशको दूतावासको मापदण्ड अनुसार रकम उपलव्ध गराउन

- अन्तिम संस्कार (२०लाख वन भित्र)
- जलाउन (१लाख वनबाट १०लाख वनसम्म)
- औषधी भर्न (इम्बाल्मिङ) (२५लाख वनबाट ५०लाख वनसम्म)
- अस्तु लैजान (४लाख वनबाट १०लाख वनसम्म)
- मृतकको लास लैजान (६लाख वनबाट १५लाख वनसम्म)

## 4 बीमा तथा पारिश्रमिक भुक्तानी

**कामको तलव ・विदेशी कामदार निजी बीमा**

- मृत्युको प्रकार अनुसार सम्वन्धित निकायले भुक्तानी गर्ने बीमा रकम र अन्य पारिश्रमिक, स्वदेश फिर्ता खर्च बीमा, स्वदेश फिर्ती अवधी समाप्ती बीमा, नागरिक पेन्सन (दर्ता भएमा) भुक्तानी

बीमा रकम आवेदन : रोजगारदाता, कोरियामा रहेको कामदार पठाउने देशको दूतावास, मृतकको परिवार (अथवा मृतकको परिवारले मञ्जरीनामा दिएको संस्था) आदि

- स्वदेश फिर्ती अवधी समाप्ती बीमा (दर्ता गरेका मितिबाट १वर्ष पूरा भएका)
- स्वदेश फिर्ता खर्च बीमा (देश अनुसार ४लाखबाट ६लाख वनसम्म)
- पारिश्रमिक क्षतिपुर्ती ग्यारेन्टी बीमा (पारिश्रमिक भुक्तानी नभएको अवस्थामा २०लाख वनसम्म)
- पारिश्रमिक (रोजगार अवधीको पारिश्रमिक हिसाब)
- नागरिक पेन्सन (दर्ता भएमा)

고용노동부
한국산업인력공단
HUMAN RESOURCES DEVELOPMENT SERVICE OF KOREA



# आत्महत्या▪अस्वभाविक मृत्य भएमा अन्तिम संस्कार खर्च उपलब्ध

## व्यवसाय विवरण

- कोरियामा वसोवास गरेका विदेशी कामदार मध्ये आत्महत्या अथवा अस्वभाविक रुपमा मृत्युभएमा अन्तिम संस्कार प्रक्रियामा लाग्ने खर्च ३०लाखवनको सिमा भित्र उपलब्ध गराउने प्रणाली हो ।

## सहयोगका लागि योग्यता

- E-9 आत्महत्या अथवा अस्वभाविक रुपमा मृत्युभएका विदेशी कामदार

## सहयोग रकम

- ३०लाख वनको सिमा भित्र
  * दाहसंस्कार, औषधी भर्ने, मृतकको लास पठाउने अदि अन्तिम संस्कारका लागि वास्तविक खर्च उपलब्ध हुने, अधिकतम ३०लाखवनको सिमा भित्र

## सहयोग रकम आवेदन तथा भुक्तानी

- दर्ता स्थल : कोरिया मानब संसाधन विभाग अर्न्तगत रोजगार समन्वय विभाग
- दर्ता विभाग : कोरियामा रहेको कामदार पठाउने देशको दूतावास

अन्तिम संस्कार प्रक्रिया सुचारु गरे पश्चात लामो अवधिका लागि सहयोग रकमका
लागि आवेदन फाराम तथा प्रमाणित कागजात समावेस गरेर
कोरिया मानव संसाधन विकास विभागमा अन्तिम संस्कार खर्च मागपत्र पेश गन

## पेश गर्नु पर्ने कागजात

- अन्तिम संस्कार खच
  लामो अवधिका लागि सहयोग रकम आवेदन, मृत्यु दर्ता प्रमाणपत्र अथवा पोष्टमार्टम प्रमाणपत्र, अन्तिम संस्कार सहयोग रसिद, बैंक खाताको प्रतिलिपी (कामदार पठाउने देशको राजदूतावासमा भुक्तानी गर्दा), अन्तिम संस्कार गर्ने कम्पनीको दर्ता प्रमाणपत्र तथा बैंकको पासबुकको प्रतिलिपी (कम्पनीले भुक्तानी गर्दा)
- मृतकको लास पठाउन
  लामो अवधिका लागि सहयोग रकम आवेदन, मृतकको लास स्वदेश फिर्ता (अनुमानित) मिति प्रमाणित कागजात, औषधी भरेको प्रमाणित कागजात (इम्बाल्मिङ)

## सम्वन्धित विभागको सम्पर्क नम्बर

| विभागको नाम | कार्य विवरण | सम्पर्क नम्बर |
|---|---|---|
| रोजगार केन्द | औद्योगिक दुर्घटनाको जांच | ☎ 1350 |
| श्रमिक कल्याणकारी विभाग | औद्योगिक दुर्घटनाको बीमा रकम भुक्तानी | ☎ 1588 - 0075 |
| नागरिक पेन्सन विभाग | नागरिक पेन्सन रकम एक मुष्ठ भुक्तानी | ☎ 1355 |
| साम्सङह्वाजे समुद्री बीमा (कम्पनी) | स्वदेश फिर्ती अवधि समाप्ती · स्वदेश फिर्ती खर्च बीमा रकम भुक्तानी | ☎ 02 - 2261 - 8400 |
| आप्रवासी कामदार परामर्श केन्द | विभिन्न भाषामा अनुवाद · परामर्श सेवा उपलब्ध<br>आत्महत्या गरेका व्यक्तिको अन्तिम संस्कार<br>खर्च उपलब्ध गराउने जानकारी | ☎ 1577 - 0071 |



고용노동부 한국산업인력공단 HUMAN RESOURCES DEVELOPMENT SERVICE OF KOREA